# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको सूचनाको हक सम्वन्धी प्रतिवेदन

**सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बुटवलसंग सम्वन्धित स्वतः प्रकाशन**

(Proactive Disclosure)

सूचना सार्वजनिक गर्ने निकायको नामः पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, लुम्विनी प्रदेश

अवधिः २०८१ बैशाख ०१ गते देखि असार मसान्त सम्म प्रकाशित मितिः२०८१/०४/०६

## १. निकायको स्वरुप र प्रकृति

कृषि अर्थतन्त्रको मेरुदण्ड हो। कृषि तथा पशुपालनबाटै मुलुकलाई आर्थिक सम्वृद्धिको बाटोमा अगाडी बढाउन सकिन्छ भन्ने उद्देश्यका साथ सरकारले तीन तहका सरकारहरु मार्फत निरन्तर किसान मैत्रि कार्यक्रम गर्दे आएको छ।मुलुक संघीय लोकतान्त्रीक गणतन्त्रमा प्रवेश पश्चात नेपालको संविधान २०७२ को अनुसुची ५ देखि ९ सम्म संघ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकार सूचीमा अधिकार र जिम्मेवारी उल्लेख गरिएको छ।पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय पशुपन्छी एवम् मत्स्य क्षेत्रको प्रवर्द्धन गरी कृषकहरुको आय आर्जनमा बृद्धि गर्ने उद्देश्यले प्रदेश सरकार कृषि तथा भूमि व्यवस्था मन्त्रालय अन्तरग स्थापना भएको विशिष्टिकृत निकाय हो।

यस पशुपंछी तथा मत्स्य विकास निर्देशनालय मिति २०७५ कार्तिक १३ गते भैरहवा रुपन्देहीमा विधिवत रुपमा उद्धाटन पश्यात स्थापना भएको हो।निर्देशनालयले हाल मिलनचोक बुटवलबाट सेवा प्रवाह गर्दै आइरहेको छ।यस कार्यालय अन्तर्गत लुम्विनी प्रदेशका ९ ओटा जिल्लामा भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, प्युठान, रुकुम पुर्व र बर्दियामा एकिकृत कृषि तथा पशुपंछी विकास कार्यालय यसैगरी बाँकेको नेपालगंजमा पशु सेवा तालिम केन्द्र, बाँकेमै मत्स्य विकास केन्द्र र कुखुरा विकास फार्म तथा नवलपरासीमा एक मात्र प्रादेशिक पशुरोग अन्वेषण प्रयोगशाला मार्फत किसानहरुलाई सेवा दिदै आएको छ।प्रदेश सरकार स्थापनाको पहिलो १२ वटै जिल्लामा सेवा प्रदान गर्ने मातहतका कार्यालहरु स्थापना नभएको अवस्था, स्थापना भएका कार्यालयहरुको भौतिक एवम् मानव स्रोत साधनको विद्यमान अवस्थालाई मध्यनजर गरी निर्देशनालय मार्फत साना मध्यम स्तरका तथा ठूलो स्तरमा पशुपानल गर्ने कृषकहरुलाई प्रत्यक्ष र अप्रत्यक्ष रुपमा विभिन्न प्रकृतिका अनुदान सहयोग कार्यक्रम संचालन गरेको थियो भने स्थापनाको दोश्रो वर्षबाट निर्देशनालयले पशुपन्छी तथा मत्स्य क्षेत्रमा प्रदेश सरकार अन्तरगतको विभागीय कार्य प्रकृतिका विशेषज्ञ सहितको विशिष्टिकृत कार्यहरु जस्तै मातहतका कार्यालयहरुको अनुगमन तथा मूल्याङ्कन प्राविधिक पृष्टपोषण प्रदान गर्ने कार्य गर्दै आएको छ।निर्देशनालयले अनुदान वितरण मात्रै भन्दा पनि किसानलाई परामर्श सहित प्रभावकारी सेवा मार्फत व्यवसायीक किसान बनाउने तर्फ बढि जोड

## १.१ दीर्घकालीन सोच

- आधुनिक र व्यवसायिक पशुपन्छीबाट प्रदेशको आर्थिक समृद्धि।
- माछामा आत्मनिर्भर एवं पोषण सुरुक्षामा सुधार।

## १.२ लक्ष्य

- स्वच्छ र गुणस्तरीय पशु पन्छीजन्य उत्पादन वृद्धि गरी आत्मनिर्भर हुदै निर्यात प्रवर्द्धन गर्ने।
- मत्स्य उत्पादन, उत्पादकत्व एवं उपभोग वृर्द्धि गर्ने।

## १.३ उद्देश्य

१) पशुपन्छी पालनलाई व्यवसायिक र आधुनिकीकरण गर्नु।

२) गुणस्तरीय पशुपन्छीजन्य पदार्थको उपभोगबाट पोषणयुक्त खानाको स्तर बढाउदै कुपोषण हटाउनु।

३) पशुपन्छीजन्य पदार्थको उपभोगमा आत्मनिर्भर बन्दै निर्यात बढाउनु।

४) मत्स्य उत्पादनमा आत्मनिर्भर भई खाद्य पोषण उपलब्धता बढाउनु।

५) जलीय जैविक विविधता, वातावरण तथा जलजरहरुको संरक्षण, प्रवर्द्धन र व्यवस्थापन गरी सन्तुलित उपभोग गर्नु।

## १.४ रणनीति

पशुपन्छी पालनलाई व्यवसायिक, प्रविधियुक्त र प्रतिस्पर्धी बनाई उत्पादन र उत्पादकत्व बढाउन प्रेरित गर्ने।

## १.५ कार्यनीति

१) उच्च प्रतिफल दिने उन्नत नश्लका पशुपन्छीको स्रोतकेन्द्र स्थापना गरीनेछ।

२) पशुपन्छीपालनको लागि आवश्यक दाना उद्योग निर्माण गर्न सहुलियतपूर्ण ऋणको व्यवस्था गरीनेछ।

३) कृत्रिम तथा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नश्लका पशुहरुको संख्यामा वृद्धि गरीनेछ।

४) पशुपन्छीको दानामा प्रयोग हुने मकै, भटमास जस्ता बालीहरु र घाँस खेतीको प्रवर्द्धन गरी गुणस्तरीय पशुआहाराको उपलब्धता बढाइनेछ।

५) बाँझो जमिन, सामुदायिक तथा कबुलियत वनहरुमा घाँस उत्पादन गर्न प्रोत्साहित गरीनेछ।

६) पशुपालन सम्बन्धी शिक्षालाई सर्वसुलभ बनाईनेछ।

७) पशुपन्छी तथा मत्स्य पालन सम्बन्धी सेवा प्रवाहलाई प्रविधिमैत्री बनाईनेछ।

२. पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय लुम्बिनी प्रदेशको काम, कर्तव्य र अधिकार

- ❖ पशपन्छी तथा मत्स्य विकास सम्बन्धी प्रदेशस्तरीय नीति, ऐन तथा नियमावली, मापदण्ड, कार्यविधि आदिको मस्यौदा तर्जुमा गर्ने।
- ❖ पशपन्छी तथा मत्स्य विकास सम्बन्धी बजेट तथा कार्यक्रम स्वीकृतीको लागि माथिल्लो निकायमा पेश गर्ने।
- ❖ पशपन्छी तथा मत्स्य मूल्य श्रृङखला विकास, विस्तार तथा प्रवर्द्धनगर्ने।
- ❖ जलवायु अनुकूलन सम्बन्धी कार्यहरु सञ्चालन गर्ने।
- ❖ पशपन्छी तथा मत्स्य विकास सम्बन्धी प्रदेशस्तरमा सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मुल्याङ्कन गर्ने।
- ❖ पशपन्छी तथा मत्स्य क्षेत्रसँग सम्बन्धित विषयमा नियमन गर्ने गराउने।
- ❖ पशपन्छी तथा मत्स्य विकास सम्बन्धी प्रदेशस्तरीय तथ्याङ्क र सूचना व्यवस्थापन, अभिलेखीकरण तथा सम्प्रेषण गर्ने।
- ❖ प्रदेशस्तरमा आईपर्ने प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनर पशुपन्छी तथा माछाको महामारी रोग नियन्त्रण गर्ने/गराउने तथा आवस्यकता अनुसार संघ तथा अन्य प्रदेशसँग समन्वय गर्ने।
- ❖ विपद् व्यवस्थापन र महामारी, रोग नियन्त्रणका लागि आवश्यक औषधी, खोप तथा नियन्त्रण उपकरण वफर स्टक व्यवस्थापन गर्ने।
- ❖ पशपन्छी तथा मत्स्य विकास सम्बन्धी प्रदेशस्तरीय कार्यक्रम सञ्चालन गर्दा संघीय तथा स्थानीय तहका पशपन्छी तथा मत्स्य विकाससँग सम्बन्धित निकाय वा शाखासँग समन्वय तथा सहकार्य गर्ने।
- ❖ पशु सेवा प्रसारको लागि प्रादेशिक मापदण्ड तर्जुमा गर्ने।
- ❖ प्रचलित कानून बमोजिम पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय तथा मातहतको प्राविधिक, प्रशासनिक तथा आर्थिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- ❖ अनुसन्धान केन्द्र, निकायहरुसँग आवश्यक समन्वय गर्ने।

<u>२.१ पशुपन्छी उत्पादन तथा बजार प्रबद्धर्न शाखा</u>

- ➢ प्रदेश तहमा सञ्चालित पशुपन्छी उत्पादन तथा व्यवसाय प्रवद्धर्न सम्बन्धी कार्यक्रमहरुको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन गर्ने
- ➢ पशुपन्छी उत्पादन तथा व्यवसाय प्रवर्द्धन सम्बन्धी प्रदेशस्तरीय नीति, ऐन तथा नियमावली, मापदण्ड, कार्यविधिको मस्यौदा तर्जुमा गर्ने।

- प्रदेशस्तरमा पशुपन्छी उत्पादन तथा व्यवसाय प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दा आवश्यकता अनुसार संघीय तथा स्थानीय तहका पशुपन्छीसँग सम्बन्धित निकाय वा शाखासँग समन्वय गर्ने।
- भौतिक पूर्वाधार (सडक, सञ्चार, विद्युत, बजार)विकास भएका जिल्ला वा स्थानीय तहमा संभाव्यताको आधारमा व्यवसायिक पशुपन्छी विकास कार्यक्रमहरु सञ्चालन गर्ने/गराउने।
- प्रदेशस्तरमा कृत्रिम तथा प्राकृतिक गर्भाधान मार्फत पशु नश्ल सुधार गर्न सहयोग/सहकार्य गर्ने।
- आनुवशिक स्रोत पहिचान, संरक्षण तथा उपयोग सम्बन्धी कार्य गर्ने।
- पशुपन्छी उत्पादन तथा बजार सम्बन्धी प्रदेशस्तरको तथ्याङ्क व्यवस्थापन गर्ने/ गराउने।
- प्रदेशस्तरमा पशुपन्छी उत्पादन तथा बजार सम्बन्धी अध्ययन, अनुसन्धान, विकास र विस्तार गर्ने/गराउने।
- पशु पोषणमा सुधार ल्याउन चरन, खर्क विकास तथा घाँसेबाली प्रवर्द्धन सम्बन्धी कार्य गर्ने/गराउने।
- पशुपन्छी तथा घाँसेबालीको स्रोत केन्द्र विकास तथा विस्तार कार्यमा सहजीकरण गर्ने/गराउने।
- पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धनका लागि कार्यरत सहकारी संघ/संस्था र अन्य सरोकारवालाहरुसँग समन्वय गर्ने।
- पशु आहार/पोषणमा प्रयोग हुने कृषिजन्य उप-पदार्थहरुको उपयोग सम्बन्धी कार्य गर्ने/ गराउने।
- प्रदेशस्तरमा पशुपन्छीजन्य उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन गर्ने/गराउने।
- प्रदेशस्तरमा पशुपन्छी नश्ल सम्बन्धी गुणस्तर निर्धारण र नियमन।
- पशुपन्छी कर्जा तथा बीमा सहजीकरण एवं प्रवर्द्धन।
- प्रदेश अन्तरगत सञ्चालन हुने पशु सेवाका कार्यक्रमहरुमा सरकारी तथा गैह्र सरकारी क्षेत्रसँग सहकार्य गर्ने।
- स्वच्छ, स्वस्थ एवं गुणस्तरीय पशुपन्छीजन्य पदार्थको उत्पादन, प्रशोधन, भण्डारण, बिक्री वितरण र उपभोग प्रवर्द्धनार्थ सचेतना अभिवृद्धि गर्ने/गराउने।
- पशुपन्छी तथा मत्स्य व्यवसायसंग सम्बन्धित वातावरण संरक्षण सम्बन्धी प्रचलित नियम कानुनहरुको कार्यान्वयन।

<u>२.२ पशुपन्छी स्वास्थ्य, इपिडिमियोलोजी तथा नियमन शाखा</u>

- प्रदेश तहमा सञ्चालित पशुपन्छी स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमहरुको योजन तर्जुमा, कार्यान्वयन तथा अनुगमन गर्ने/गराउने।

- पशुपन्छी स्वास्थ्य सम्बन्धी प्रदेशस्तरीय नीति, ऐन तथा नियमावली, मापदण्ड, कार्यविधि आदिको मस्यौदा तर्जुमा गर्ने।
- प्रदेशस्तरमा पशुपन्छी स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दा आवश्यकता अनुसार संघीय तथा स्थानीय तहका पशुपन्छीसँग सम्बन्धित निकाय वा शाखासँग समन्वय गर्ने।
- जनस्वास्थ्यसँग सम्बन्धित तथा आर्थिक दृष्टिले महत्वपूर्ण सीमा विहीन पशुपन्छीको रोग सर्भिलेन्स, अन्वेषण, नियन्त्रण तथा उन्मूलन गर्ने।
- जुनोटिक रोगहरुको सर्भिलेन्स, अन्वेषण तथा नियन्त्रण एवं उन्मूलन गर्ने कार्यक्रम तर्जुमा गरी लागु गर्ने/गराउने।
- प्रतिजैविकी प्रतिरोध न्यूनीकरण लगायतका एक स्वास्थ्यसँग सम्बन्धित आवश्यक कार्यगर्ने/गराउने र एक स्वास्थ्यको लागि आधिकारिक प्रादेशिक प्राविधिक निकायको रुपमा कार्य गर्ने।
- प्रदेश तहको पशु चिकित्सा सेवा सञ्चालन तथा नियमन गर्ने।
- पशुपन्छी पालनमा प्रयोग हुने उत्पादन सामग्रीहरु (औषधी, जैविक पदार्थ, हर्मोन, विषादी ), पशु बधशाला, पोल्ट्री ह्याचरी लगायत पशुजन्य उद्योगको प्रचलित कानून बमोजिम गुणस्तर नियमनगर्ने/गराउने।
- पशुपन्छीजन्य महामारी एवं प्रकोप लगायतका विपद् व्यवस्थापन गर्ने।
- महामारी, विपद् व्यवस्थापन र रोग नियन्त्रणका लागि आवश्यक औषधी, खोप तथा नियन्त्रण उपकरण/ सामग्रीको बफर स्टक( मौज्दात) व्यवस्थापन गर्ने।
- संघीय सरकारबाट सञ्चालित राष्ट्रिय रोग नियन्त्रण कार्यक्रमलाई प्रदेशस्तरमा कार्यान्वयन गर्न/गराउन आवश्यक कार्य गर्ने।
- प्रदेशस्तरमा कार्यान्वयनका लागि पशुपन्छीका रोगहरुकोअन्वेषण, नियन्त्रण, रोकथाम तथा उन्मूलनको कार्ययोजना ( कन्टिन्जेन्सीप्लान ) तयार गरी लागू गरेको छ।
- नेपाल कृषि अनुसन्धान परिषद् लगायत अन्य अनुसन्धान संघ/संस्थाहरुसँग समन्वय गरी समन्वयात्मक पशु स्वास्थ्य अन्वेषण तथा अनुसन्धानमा सहभागी हुने।
- प्रादेशिक पशु रोग तथा अवस्थिति सम्बन्धी सूचना प्रणाली व्यवस्थापन गर्ने।
- पशु कल्याण सम्बन्धी आवश्यक कार्य गर्ने/गराउने।
- नेपालपक्ष राष्ट्र रहेको विश्व पशु स्वास्थ्य संगठन लगायतका अन्तराष्ट्रिय तथा क्षेत्रीय संगठनमा पशुपन्छी (वन्यजन्तु ), माछा, मौरी रोग तथा अवस्थाको रिपोर्टिङका लागि प्रादेशिक विवरण तयार पारी संघमा रिपोर्टिङ गर्ने।
- प्रदेशस्तरमा पशु रोग जोखिम विश्लेषण गर्ने।

## २.३ मत्स्य विकास शाखा

- ✓ प्रदेश तहमा सञ्चालित मत्स्य विकास सम्बन्धी विभिन्न कार्यक्रमहरुको योजना तर्जुमा,कार्यान्वयन तथा अनुगमन गर्ने/गराउने।

- ✓ मत्स्य विकास सम्बन्धी प्रदेशस्तरीय नीति, ऐन, नियम, मापदण्ड, कार्यविधि आदिकों मस्यौदा तर्जुमा गर्ने।
- ✓ प्रदेशस्तरमा मत्स्य विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दा आवश्यकता अनुसार संघीय तथा स्थानीय तहका पशुपन्छी तथा मत्स्यसँग सम्बन्धित निकाय वा शाखासँग समन्वय गर्ने।
- ✓ मत्स्य आनुवंशिक स्रोत पहिचान पहिचान, संरक्षण तथा उपयोग सम्बन्धी कार्य गर्ने।
- ✓ मत्स्य नश्ल सुधार सम्बन्धी कार्य गर्ने/गराउने।
- ✓ प्रदेशस्तरमा सञ्चालित सरकारी एवं निजी मत्स्य ह्याचरी तथा नर्सरी लगायतका मत्स्य सम्बन्धी अन्य तथ्याङ्कहरुको सङ्कलन. प्रशोधन, व्यवस्थापन तथा सम्पेषण गर्ने/गराउने।
- ✓ प्रदेशस्तरमा प्राकृतिक जलाशय (नदी – नाला,खोला, रिजर्भ्वायर, ताल, घोल एवम् सीमसार क्षेत्र आदि ) मत्स्यपालन संभाव्यता अध्ययन/सर्वेक्षण सम्बन्धी कार्य गर्ने/ गराउने।
- ✓ प्रचलित कानून बमोजिम प्रदेशस्तरका प्राकृतिक जलाशयमा जलीय जैविक विविधता कायम राख्दै उत्पादन वृद्धि गर्न आवश्यक कार्य गर्ने/गराउने।
- ✓ प्रदेशस्तरमा प्राकृतिक जलाशयबाट उत्पादन हुने मत्स्य तथा अन्य जलीय उत्पादनमा आश्रित समुदायको सामाजिक/आर्थिक पक्षलाई सम्बोधन गर्न आवश्यक कार्य गर्ने/ गराउने।
- ✓ प्रदेशस्तरमा मत्स्य विकाससँग सम्बन्धित संघ/संस्था लगायतका सरोकारवाला बीच समन्वय गर्ने।
- ✓ प्रदेशस्तरमा माछा तथा जलीयजीव पालन/ व्यवस्थापनसँग सम्बन्धी नवीनतम प्रविधिहरुको विकास तथा विस्तार कार्य गर्ने/गराउने।
- ✓ प्रदेशस्तरमा माछा तथा जलीय जीवजन्य उत्पादनको पोष्टहार्भेष्ट तथा बजार व्यवस्थापन सम्बन्धी कार्य गर्ने/गराउने।
- ✓ प्रदेशस्तरमा चिसो तथा न्यानो पानीमा मत्स्य पालन सम्बन्धी कार्य गर्ने/गराउने।
- ✓ मत्स्य विकासका विविध क्षेत्रहरुमा आवश्यता अनुसार अध्ययन, अनुसन्धान लगायतका कार्य गर्ने/गराउने
- ✓ प्रदेशस्तरीय मत्स्य उत्पादन, वितरण एवं प्रशोधन व्यवस्थापन सम्बन्धी नियमन कार्य गर्ने/ गराउने।
- ✓ प्रदेशस्तरमा मत्स्य रोग नियन्त्रण सम्बन्धी कार्य गर्ने/ गराउने।

**२.४ प्रशासन शाखा**

- ○ पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने।
- ○ पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको जिन्सी तथास्टोर व्यवस्थापन लगायत प्रशासनिक कार्य सञ्चालन गर्ने।
- ○ पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको लेखा तथा श्रेस्ता व्यवस्थापन सम्बन्धी कार्य

- पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको जनशक्ति व्यवस्थापन सम्वन्धी अन्य कार्य गर्ने।

## २.५ लेखा शाखा

- आर्थिक कार्यविधिमा रहि मितव्ययी र शनुशासनको अधिनमा रहि खर्चको अभिलेख राख्ने।
- कर्मचारीहरुको समयमै तलब भत्ता भूक्तानी गर्ने।
- खर्च विवरणको फाटवारी कृषि तथा भूमि व्यवस्था मन्त्रालयमा पठाउने।
- लेखा परिक्षण, वेरुजु फर्छौट गराउने।

## ३.निर्देशनालयको दरवन्दी विवरण

| क्र.स. | पदको नाम | श्रेणी/तह | सेवा | समुह/उपसमुह | दरवन्दी | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | निर्देशक | रा. प. प्रथम | कृषि | समुहकृत नहुने | १ | १ | |
| २ | वरिष्ठ पशु विकास अ. | रा. प. द्धितिय | कृषि | ला. पो. डे. डे. | १ | १ | |
| ३ | वरिष्ठ पशु चिकित्सक | रा. प. द्धितिय | कृषि | भेट | १ | १ | |
| ४ | वरिष्ठ मत्स्य विकास अ. | रा. प. द्धितिय | कृषि | मत्स्य | १ | ० | |
| ५ | पशु विकास अधिकृत | रा. प. तृतिय | कृषि | ला. पो. डे. डे. | १ | ० | कामकाज अर्घाखाची |
| ६ | पशु चिकित्सक | रा. प. तृतिय | कृषि | भेट | २ | १ | |
| ७ | मत्स्य विकास अधिकृत | रा. प. तृतिय | कृषि | मत्स्य | २ | १ | |
| ८ | कृषि अर्थ विज्ञ | रा. प. तृतिय | कृषि | एग्री ईको | १ | १ | |
| ९ | शाखा अधिकृत | रा. प. तृतिय | प्रशासन | सामान्य प्र. | १ | ० | |
| १० | नायव सुब्बा | रा.प. अन.प्र. | प्रशासन | सामान्य प्र. | १ | ० | |
| ११ | लेखापाल | रा.प.अन.प्र. | प्रशासन | लेखा | १ | ० | |
| १२ | पशु सेवा प्राविधिक | रा.प.अन.प्र. | कृषि | ला.पो.डे.डे. | २ | ० | |
| १३ | पशु स्वास्थ्य प्राविधिक | रा.प.अन.प्र. | कृषि | भेट | २ | ० | |
| १४ | मत्स्य प्रा.सहायक | रा.प.अन.प्र. | कृषि | मत्स्य | २ | ० | |
| १५ | हलुका सवारी चालक | श्रेणीविहिन | ई. | मेकानिकल | २ | २ | २ करार |
| १६ | कार्यालय सहयोगी | श्रेणीविहिन | प्र. | सामान्य प्र. | ३ | २ | २ करार |
| | | | | जम्मा | २४ | १० | |

## ४. कार्यरत कर्मचारीको विवरण

| क्र.सं | नाम | पद /तह | स्थायी ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | डा. प्रबेश सिंह कुँवर | निर्देशक (म. वि. निर्देशक)/अधिकृत दशौं | रामग्राम १५, नवलपरासी | ९८५१०३८९८७ |
| २ | लोकराज भुसाल | ब. पशु चिकित्सक/ अधिकृत आठौं | सैनामैना १, रुपन्देही | ९८५११४४५१७ |
| ३ | रिम बहादुर थापा | ब. मत्स्य बिकास अधिकृत/अधिकृत आठौं | सुनवल ५,नवलपरासी | ९८४७३००८५६ |
| ४ | दिनाराम न्यौपाने | अधिकृत (लेखा)/ छैटौं | तिलोत्तमा-९ रुपन्देही | ९८४७२६०७८८ |
| ५ | केशरी शर्मा | अधिकृत/ छैटौं | तिलोत्तमा-५ रुपन्देही | ९८४७२६०७८८ |
| ६ | ऐश्वर्य आचार्य | पशु सेवा अधिकृत/ छैटौं | सन्धीखर्क १ -अर्घाखाँची | ९८४६३४३४०२ |
| ७ | नरेन्द्र पौडेल | पशु स्वास्थ्य अधिकृत/छैटौं | तिलोत्तमा-४ रुपन्देही | ९८४७०६०४६६ |
| ८ | तिलक पोखेल | मत्स्य अधिकृत / छैटौं | झिमरुक,६ प्यूठान | ९८४७९७०३२३ |
| ९ | पार्वता भुसाल पौडेल | पशु स्वास्थ्य अधिकृत/छैटौं | बुटवल २, रुपन्देही | ९८४७१०५८२९ |
| १० | शोभाखर खनाल | पशु सेवा अधिकृत/ छैटौं | बाणगंगा ५,कपिलवस्तु | ९८५७००३८०२८ |
| ११ | सुवोधराज भट्टराई | मत्स्य अधिकृत/छैटौं | तिलोत्तमा-३, रुपन्देही | ९८४७५४६७७० |
| १२ | जित बहादुर क्षेत्री | कार्यालय सहयोगी/तह विहिन | बुटवल ११, रुपन्देही | ९८४७०७०४९७ |
| १३ | श्यामराज कार्की | हलुका सवारी चालक/ तह विहिन | प्यूठान ४, प्यूठान | ९८६४९६२५८० |
| १४ | कल्पना कार्की | कार्यालय सहयोगी /तह विहिन | पाल्पा | ९८४७१२८१९० |
| १५ | गिता खत्री | कार्यालय सहयोगी /तह विहिन | गुल्मी | ९८५७०३८३४९ |
| १६ | अवरार अली मुसलमान | हलुका सवारी चालक/तह विहिन | रुपन्देही | ९७४६३७०७८६ |

## ५.नागरीक वडापत्र

| क्र.सं. | प्रदान गरीने सेवा | आवश्यक पर्ने | | | जिम्वारी( शाखा/ निकाय/ पद) | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| | | कागजात | समय | शुल्क | | |
| १.१ | पशुपन्छी रोग नियन्त्रण कार्यक्रम | नपर्ने | तुरुन्त | नि:शुल्क | पशुपन्छी स्वास्थ्य, इपिडिमियोलोजी तथा नियमन शाखा | निर्देशक |
| १.३ | पशुपन्छी इपिडिमियोलोजिकल बिवरण | नपर्ने | तुरुन्त | नि:शुल्क | पशुपन्छी स्वास्थ्य, इपिडिमियोलोजी तथा नियमन शाखा | निर्देशक |
| १.४ | प्रदेश तहको पशु चिकित्सा सेवा, औषधी, दाना तथा खोप आदिको नियमन | नपर्ने | आवश्यकता अनुसार | | पशुपन्छी स्वास्थ्य, इपिडिमियोलोजी तथा नियमन शाखा | निर्देशक |
| १.५ | पशुजन्य पदार्थ उत्पादन सामाग्री तथा पशुजन्य पदार्थ उत्पादन उद्योगहरुको प्रचलित कानून बमोजिम गुणस्तर नियमन | नपर्ने | नियमित/ आवश्यकता अनुसार | | पशुपन्छी स्वास्थ्य, इपिडिमियोलोजी तथा नियमन शाखा | निर्देशक |
| १.६ | पशु कल्याण सम्बन्धी कार्यहरु | नपर्ने | आवश्यकता अनुसार | | पशुपन्छी स्वास्थ्य, इपिडिमियोलोजी तथा नियमन शाखा | निर्देशक |
| १.७ | पशु रोग तथा अवस्थिति सम्बन्धी सूचना प्रणाली व्यवस्थापन | नपर्ने | आवश्यकता अनुसार | | पशुपन्छी स्वास्थ्य, इपिडिमियोलोजी तथा नियमन शाखा | निर्देशक |
| १.८ | जुनोटिक रोगहरुको सर्भिलेन्स, अन्वेषण तथा नियन्त्रणको योजना तर्जुमा तथा लागु गर्ने | नपर्ने | आवश्यकता अनुसार | | पशुपन्छी स्वास्थ्य, इपिडिमियोलोजी तथा नियमन शाखा | निर्देशक |
| १.९ | पशु स्वास्थ्य सम्बन्धी कार्यक्रममा नेपाल सरकारसँग समन्वय र सहकार्य गर्ने। | नपर्ने | आवश्यकता अनुसार | | पशुपन्छी स्वास्थ्य, इपिडिमियोलोजी तथा नियमन शाखा | निर्देशक |
| २.१ | सहकार्यमा अनुदान सहयोग सम्बन्धी कार्यक्रमहरु | निवेदन – सम्झौतासिफारिस | सम्झौता बमोजिम | नि:शुल्क | आर्थिक प्रशासन | निर्देशक |
| २.२ | पशुपन्छी उत्पादन तथा बजार सम्बन्धी जानकारी | नपर्ने | तुरुन्त | नि:शुल्क | पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन | निर्देशक |

| क.सं. | प्रदान गरीने सेवा | आवश्यक पर्ने |  |  | जिम्वारी( शाखा/ निकाय/ पद) | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
|  |  | कागजात | समय | शुल्क |  |  |
|  | बजार एवं प्रविधि प्रवर्द्धन |  |  |  |  |  |
| २.४ | पशुपन्छी उत्पादन तथा बजार सम्बन्धी नियमन | नपर्ने | सूचनाको १ दिन भित्र | निःशुल्क | पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन | निर्देशक |
| २.६ | पशुपन्छी तथा घाँसेबालीको स्रोत केन्द्र विकास विकासमा सहजिकरण | स्वीकृत कार्यविधि र कार्यक्रम अनुसार |  |  | पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन | निर्देशक |
| २.७ | पशुपन्छी उत्पादन तथा बजार सम्बन्धी तथ्याङ्क व्यवस्थापन | आवश्यकता अनुसार |  |  | पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन | निर्देशक |
| २.८ | अन्तरगतका निकायहरुको सेवा प्रवाहमा सहजिकरणका लागि अनुगमन | नियमित/ आवश्यकता अनुसार |  |  | पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन | निर्देशक |
| २.९ | पशुपन्छीजन्य उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन | स्वीकृत कार्यविधि र कार्यक्रम अनुसार |  |  | पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन | निर्देशक |
| ३.२ | मत्स्य तथा जलीय जीवको उत्पादन प्रवर्द्धन | स्वीकृत कार्यविधि र कार्यक्रम अनुसार |  |  | मत्स्य विकास शाखा | निर्देशक |
| ३.४ | जलीय जैविक विविधता कायम राख्दै उत्पादनमा बृद्धि सम्बन्धी कार्य | स्वीकृत कार्यविधि र कार्यक्रम अनुसार |  |  | मत्स्य विकास शाखा | निर्देशक |
| ३.५ | मत्स्य पालन सम्बन्धी प्रविधि परामर्श सेवा | आवश्यकता अनुसार |  |  | मत्स्य विकास शाखा | निर्देशक |
| ४.१ | योजना तर्जुमा तथा प्रस्तुति | आवश्यकता अनुसार | कृषि अर्थ विज्ञ/ योजना शाखा लगायत |  | निर्देशक |  |
| ४.२ | कार्यक्रमबारे जानकारी | नपर्ने | तुरुन्त | निःशुल्क | सूचना पशु सेवा अधिकृत | निर्देशक |
| ४.३ | कार्यक्रमको अनुगमन,मूल्याङ्कन एवं प्रगति सम्प्रेषण | मासिक, चौमासिक र बार्षिक वा आवश्यकता |  |  | योजना शाखा | निर्देशक |
| ५.१ | पत्र व्यवहार, अभिलेख, जिन्सी व्यवस्थापन | आवश्यकता अनुसार |  |  | प्रशासन शाखा | निर्देशक |
| ५.२ | लेखा अभिलेखीकरण तथा प्रतिवेदन प्रस्तुति | नियमित/ आवश्यकता अनुसार |  |  | लेखा शाखा | निर्देशक |

सूचना अधिकारी लोकराज भुसाल(व.प.चि.) गुनासो सुन्ने अधिकारीः डा.प्रवेश सिंह कुँवर (निर्देशक)

**मो नं ९८५११४४५१७**

## ६. सम्पादन गरेको कामको विवरण

**६.१ आ.व. २०८०/८१ को बैशाख देखि असार महिना सम्म संपन्न गरेका मुख्य मुख्य कार्यक्रमहरुः**

(१) छाडा चौपाया व्यवस्थापनका लागि स्थानीय तहसंगको समन्वयमा गौशाला निर्माण तथा सञ्चालनमा सहयोग।

(२) हुलाकीमार्ग लक्षित भैंसीको वंश सुधार क्षमता विकास तथा सचेतना।

(३) NVA लुम्बिनी प्रदेशको सहकार्यमा विशेषज्ञ सहितको पशु स्वास्थ शिविर संचालन।

(४) कृतिम गर्भाधान कर्ताहरु तथा सरोकारवालहरुसँग अन्तरक्रिया गोष्ठी।

(५) प्रदेशस्तरीय मत्स्य प्राविधिकहरुलाई ह्याचरी ब्यवस्थापन तालिम (३ दिने)।

(६) स्थानीय तहका प्राविधिकहरुलाई feed formulation तालिम (३ दिने)।

(७) घुम्ती स्थलगत माछा पोखरी पानीको गुणस्तर चेकजाँच तथा प्रतिवेदन प्रकाशन।

(८) तथ्याङ्क व्यवस्थापन सहयोग कार्यक्रम।

(९) जिल्ला दुग्ध सहकारी संघको क्षमता विकास/सहयोग कार्यक्रम।

(१०) गौशालामा प्राथमिक उपचार किट वितरण

(११) लाभ लागत अध्ययन प्रतिवेदन (दुध, माछा र मासु उत्पादन)।

(१२) एक स्वास्थ्य अवधारण कार्यान्वयन गोष्ठी।

(१३) थुनेलो रोग नियन्त्रण अभियान।

निर्देशक

## ७. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण

खर्चको विवरण रु. हजारमा

| सि.न. | ब.उ.शी.न. | कार्यक्रम शीर्षक | जम्मा बजेट | चौथो त्रैमासिक बजेट | चौथो त्रैमासिक खर्च | चौथो त्रैमासिक प्रतिशत | वार्षिक खर्च | वार्षिक खर्च % |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३१२०२०१६ | साधारण कार्यक्रम | २०१५६.०० | ४७४५.०० | ५६८८.०० | १०० | १७५२६.०० | ८६.९५ |
| २ | ३१२०००१३ | स्मार्ट कृषि गाँउ कार्यक्रम | ५७५.०० | ०.०० | १२४.०० | ० | २९०.०० | ५०.४३ |
| ३ | ३१२०००१८ | कृषि तथा पशुपन्छी श्रोत तथा प्रविधि सेवा टेवा विस्तार कार्यक्रम | १८२६१.०० | २०५६.०० | ५९१९.०० | १०० | ८२९८.०० | ४५.४४ |
| ४ | ३१२०००२१ | पशुपन्छी विकास तथा पशु स्वास्थ्य नियमन कार्यक्रम | ६४०४.०० | २६६.०० | २७४४.०० | १०० | ३२२०.०० | ५०.२८ |
| | जम्मा | | ४५३९६.०० | ७०६७.०० | १४४७५.०० | १०० | २९३३४.०० | ६४.६२ |

बेभसाईटःwww.dolfd.lumbini.gov.np
ईमेलः dolfdp5@gmail.com
सम्पर्क नं. ९८५११४४५१७, ०७१-४२०४३५,

तयार गर्नेः
दस्तखतः
नामः रिम वहादुर थापा
पदः वरिष्ठ मत्स्य विकास अधिकृत

प्रमाणित गर्नेः
दस्तखतः
नामः डा. प्रवेश सिंह कुँवर
पदः निर्देशक

निर्देशक